# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ३७औं नगर कार्यपालिका बैठकको निर्णयहरू
## मिति २०८१।८।२३ (ने.सं. ११४५ थिंल्लाथ्व सप्तमि)

<table>
<tr><th>प्र.नं.</th><th>विभाग</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>प्रशासन विभाग</td><td>काठमाडौं महानगरपालिकामा सहायक निर्देशक (अधिकृतस्तर सातौं) इन्जिनियर पदमा कार्यरत श्री हेमन्त कुमार चौरसियाको राजिनामा स्वीकृत गर्ने सम्बन्धमा ।</td><td>स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १४६ को उपदफा (३) बमोजिम मिति २०८१ मंसिर ५ गतेदेखि लागू हुने गरी काठमाडौं महानगरपालिकामा कार्यरत सहायक निर्देशक (अधिकृतस्तर सातौं) इन्जिनियर श्री हेमन्त कुमार चौरसियाको राजीनामा स्वीकृत गर्ने ।</td></tr>
<tr><td>२</td><td>प्रशासन विभाग</td><td>प्रदेश लोक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भई आएका कर्मचारीहरूको नियुक्ती तथा पदस्थापन अनुमोदन गर्ने सम्बन्धमा ।</td><td>प्रदेश लोक सेवा आयोगबाट काठमाडौं महानगरपालिकामा सिफारिस भई आएका सातौं तह (प्राविधिक) इन्जिनियरिङ सेवा, सिभिल समूह, विल्डिङ एण्ड आर्किटेक्ट उपसमूह, इन्जिनियरिङ पदका दुई जना र सातौं तह (प्राविधिक) इन्जिनियरिङ सेवा, सिभिल समूह इन्जिनियरिङ पदका (वैकल्पिक उम्मेदवार) एक जना गरी देहाय बमोजिमका जम्मा तीन जना कर्मचारीहरूलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम काठमाडौं महानगरपालिकामा नियुक्ति र पदस्थापन गर्ने काठमाडौं महानगरपालिकाको मिति २०८१।०८।०४ को निर्णय (प्रमुखस्तर) अनुमोदन गर्ने।
<table>
<tr><th>सि.नं.</th><th>उम्मेद्वारको नाम</th><th>ठेगाना</th><th>किसिम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सन्तोष गिरी</td><td>राप्ती गाउँपालिका-५, दाङ</td><td>खुला</td><td></td></tr>
<tr><td>२</td><td>जीवन पौडेल</td><td>नागार्जुन नगरपालिका-५, काठमाडौं</td><td>खुला</td><td></td></tr>
<tr><td>३</td><td>सुमित पौडेल</td><td>विचारी चौतारा-६, स्याङ्जा</td><td>खुला</td><td>वैकल्पिक</td></tr>
</table></td></tr>
<tr><td>३</td><td>प्रशासन विभाग</td><td>काठमाडौं महानगरपालिकामा वरिष्ठ शाखा अधिकृत (अधिकृतस्तर आठौं) पदमा कार्यरत श्री श्रृष्टि बडालको राजिनामा स्वीकृत गर्ने सम्बन्धमा ।</td><td>स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १४६ को उपदफा (३) बमोजिम मिति २०८१ कार्तिक १४ गतेदेखि लागू हुने गरी काठमाडौं महानगरपालिकामा कार्यरत वरिष्ठ शाखा अधिकृत (अधिकृतस्तर आठौं) श्री श्रृष्टी वडालको राजीनामा स्वीकृत गर्ने ।</td></tr>
<tr><td>४</td><td>प्रशासन विभाग</td><td>राष्ट्रिय सभागृह सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ तर्जुमाका लागि सैद्धान्तिक सहमति सम्बन्धमा ।</td><td>राष्ट्रिय सभागृहको सभाहल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।</td></tr>
</table>

<table>
<tr><th>प्र.नं.</th><th>विभाग</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>५</td><td>प्रशासन विभाग</td><td>कोटेश्वर महोत्सव कार्यक्रम सहायता सम्बन्धमा ।</td><td>काठमाडौं महानगरपालिका वडा नम्वर ३२ को आर्थिक वर्ष २०८१।८२ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको कोटेश्वर महोत्सव कार्यक्रम सहायता शिर्षकमा विनियोजित रकम दश लाख रूपैया विकास सहायता कार्यविधि, २०७९ को दफा १० (ख) बमोजिम कार्यक्रम सहायता उपलब्ध गराउने ।</td></tr>
<tr><td>६</td><td>प्रशासन विभाग</td><td>काठमाडौं महानगरपालिकामा अधिकृतस्तर छैटौं तहमा कार्यरत श्री सौरभ गौतमको नाबालक छोराको उपचारमा क्रममा खर्च भएको रकम आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।</td><td>काठमाडौं महानगरपालिकामा अधिकृतस्तर छैटौं तहमा कार्यरत श्री सौरभ गौतमलाई नाबालक छोरा सन्दर्भ गौतमको उपचार गराउँदा खर्च भएको बिल बमोजिमको जम्मा रु १,९२,१९८। (एक लाख बयानब्बे हजार एक सय अन्ठानब्बे रुपैया मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।</td></tr>
<tr><td>७</td><td>राजश्व विभाग</td><td>शुल्क सम्बन्धमा ।</td><td>प्राप्त सुझाव अनुसार आर्थिक वर्ष २०८१।८२ को लागि देहाय बमोजिमको थप शुल्कहरू निर्धारण गरी राजश्व सङ्कलन गर्नेः
<table>
<tr><th>क्रस</th><th>विवरण</th><th>प्रस्तावित दररेट</th><th>कैफियत</th></tr>
<tr><td>1</td><td>पी.सी.एल (Staff Nurse, HA, LAB Technical)</td><td>1000</td><td rowspan="2">प्राथमिक स्वास्थ्य केन्द्र र सशही स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुमा Clinical Field पोस्टिङ्गका लागि संस्थागत शिक्षण संस्थाहरुबाट आउने विद्यार्थिहरुको पोस्टिङ्ग शुल्क ।</td></tr>
<tr><td>2</td><td>Bachelor ( BPH वा सो सरह)</td><td>1500</td></tr>
<tr><td>3</td><td>विवाह फोटो सुट</td><td>1500</td><td>वालाजु पार्कमा विवाह गर्न आउनेका लागि प्रति विवाह शुल्क</td></tr>
<tr><td>4</td><td>विद्यालयहरुबाट लेखापरीक्षक नियुक्ति</td><td>500</td><td>काठमाडौं महानगरपालिका क्षेत्रभित्रका विद्यालयको लेखा परीक्षण गर्न नियुक्त हुने लेखापरीक्षकबाट लिइने शुल्क (प्रति व्यक्ति) ।</td></tr>
</table></td></tr>
<tr><td>८</td><td>सार्वजनिक निर्माण विभाग</td><td>वडा नम्वर ३१ आलोकनगर स्थित बागमती खोला कोरिडोरबाट वडा नम्वर ५ धोविखोला करिडोर पहेलो पुल छेउमा स्केटबोर्ड पार्क निर्माण कार्य स्थानान्तरण सम्बन्धमा।</td><td>स्केटबोर्ड पार्क निर्माण कार्य काठमाडौं महानगरपालिका वडा नम्वर ३१ आलोकनगर स्थित बागमति खोला कोरिडोर छेउबाट काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (संशोधन २०८०) को नियम १२क. को उपनियम (३) र उपनियम (४) बमोजिम वडा नम्वर ५ धोविखोला कोरिडोर पहेलो पुल छेउ र ७ नम्वर वडा स्थित मेडिकेयर अस्पताल पछाडीको खाली जग्गामा स्थानान्तरण गर्ने ।</td></tr>
<tr><td>९</td><td>सामाजिक विकास विभाग</td><td>कोशेली घर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमति सम्बन्धमा ।</td><td>कोशेली घर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने ।</td></tr>
</table>

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १० | सामाजिक विकास विभाग | काठमाडौं महानगरपालिका बाल कोष परिचालन मापदण्ड,२०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमती सम्बन्धमा । | काठमाडौं महानगरपालिका बालकोष परिचालन मापदण्ड,२०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमती दिने । |
| ११ | सामाजिक विकास विभाग | काठमाडौं महानगरपालिका स्वरोजगार नगरवासी सम्बन्धी कार्यविधि, २०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमती सम्बन्धमा । | काठमाडौं महानगरपालिका स्वरोजगार नगरवासी सम्बन्धी कार्यविधि, २०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमती दिने । |
| १२ | सामाजिक विकास विभाग | काठमाडौं महानगरपालिका उद्यमशीलता, व्यवसाय इन्कवेशन केन्द्र, प्रविधि अनुसन्धान, नव प्रवर्तन केन्द्र तथा कोष (सञ्चालन) कार्यविधि, २०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमती सम्बन्धमा । | काठमाडौं महानगरपालिका उद्यमशीलता, व्यवसाय इन्कवेशन केन्द्र, प्रविधि अनुसन्धान, नव प्रवर्तन केन्द्र तथा कोष (सञ्चालन) कार्यविधि, २०८१ तर्जुमाको लागि सैद्धान्तिक सहमती दिने । |
| १३ | शिक्षा विभाग | काठमाडौं महानगरपालिका, नेपाल भाषाको पाठ्यक्रम तथा स्थानीय पाठ्यपुस्तकहरूमा सबलीकरण सहित समसामयिक संशोधन तथा परिमार्जन गर्ने सम्वन्धमा। | शिक्षा तथा स्वास्थ्य समितिले दिएको कार्यदेश बमोजिम कार्य गर्ने गरी काठमाडौं महानगरपालिका अन्तर्गत विद्यालयहरुमा लागू भएको नेपाल भाषाको पाठ्यक्रम तथा स्थानीय पाठ्यपुस्तकहरूमा सबलीकरण सहित समसामयिक संशोधन तथा परिमार्जन गर्न शिक्षा तथा स्वास्थ्य समितिका संयोजक श्री चिनिकाजी महर्जनको संयोजकत्वमा शिक्षा तथा स्वास्थ्य समितिको सिफारिस बमोजिम सम्बन्धित विषयका विज्ञ समेत रहने गरी सात सदस्यीय पाठ्यक्रम पाठ्यपुस्तक परिमार्जन समिति गठन गर्ने । |
| १४ | शिक्षा विभाग | काठमाडौं महानगरपालिका, नेपालभाषा प्रशिक्षण व्यवस्था सम्वन्धी कार्यविधि, २०७७ को संशोधन गर्ने सम्वन्धमा। | काठमाडौं महानगरपालिका नेपाल भाषा प्रशिक्षण व्यवस्था सम्बन्धी कार्यविधि,२०७७ मा आवश्यक संशोधन गर्न सैद्धान्तिक सहमति दिने। |
| १५ | शिक्षा विभाग | बजेट खण्डीकरण तथा कार्यक्रम सञ्चालन स्वीकृति सम्बन्धमा। | नगरसभाबाट स्वीकृत चालू आर्थिक वर्ष २०८१।०८२ को शिक्षा क्षेत्र तर्फ विनियोजित आन्तरिक स्रोत तर्फको बजेटबाट खर्च गर्न सामुदायिक विद्यालय एवम् शिक्षण संस्थाको माग, आवश्यकता र औचित्यता पुष्टि हुने गरी विकास सहायता कार्यविधि २०७९ को दफा ६ खण्ड (ख) र खण्ड (ग) बमोजिम अनुदान सहायता उपलब्ध गराउने अधिकार शिक्षा तथा स्वास्थ्य समितिलाई दिने । |
| १६ | कृषि विभाग | एग्रो पुलिङ् कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा । | एग्रो पुलिङ् कार्यविधि, २०८१ स्वीकृत गर्ने। |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १७ | स्वास्थ्य विभाग | काठमाडौं महानगरपालिकामा कार्यरत ६० वर्ष उमेर पुगी अवकाश हुने र स्वेच्छिक अवकास लिने महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकालाई नगद सहित सम्मान र विदाई गर्ने तथा उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई पुरस्कृत गर्ने सम्बन्धी निर्णय अनुमोदन गर्ने सम्बन्धमा। | मिति २०८१।०८।२० गते (डिसेम्वर ५) अन्तर्राष्ट्रिय स्वयम्सेवक दिवस कै दिन २१ औं राष्ट्रिय (काठमाडौ महानगरपालिकाको १३ औं) महिला सामुदायिक स्वयम्सेविका दिवसको अवसरमा काठमाडौं महानगरपालिकामा कार्यरत ६० वर्ष उमेर पुगी अवकाश हुने तथा स्वेच्छिक अवकाश लिने जम्मा २९ जना महिला सामुदायिक स्वयम्सेविकालाई जनही दुई लाख रुपैयाँ दरले (कुल ५८ लाख रुपैयाँ) जीवन निर्वाह खर्च सहित सम्मान गरी विदाई गर्ने तथा वडाहरुबाट उत्कृष्ट छनौट भई आएका ३२ जना महिला स्वास्थ्य स्वयंसेविकालाई जनही पाँच हजार रुपैयाँको दरले (कुल १ लाख ६० हजार रुपैया) पुरस्कार उपलब्ध गराउने सम्बन्धमा मिति २०८१।०८।१८ मा भएको प्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने। |
| १८ | सूचना प्रविधि विभाग | महानगर सञ्चार प्रतिष्ठान गठनका लागि नगर सभाका सदस्य मध्ये कम्तिमा एक जना महिला सहित दुई जना सदस्य तोक्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिकाको सञ्चार तथा सूचना (पहिलो संशोधन) ऐन, २०८० को दफा २१ (ग) बमोजिम सदस्यमा नगर सभा सदस्य रिना नेपाल-१ र रुपा प्रजापति श्रेष्ठ-१ गरी दुई जना । |
| १९ | सूचना प्रविधि विभाग | कल सेन्टर (सम्पर्क केन्द्र) सञ्चालन निर्देशिका, २०७९ मा संशोधन गर्ने सम्बन्धमा । | प्रस्ताव साथ संलग्न ३ महले संशोधन प्रस्ताव अनुसार कल सेन्टर (सम्पर्क केन्द्र) सञ्चालन निर्देशिका, २०७९ मा प्रथम संशोधन गर्ने । |
| २० | सम्पदा तथा पर्यटन विभाग | वडा नम्वर १७ इखापोखरी परिसर विकासको लागि अनुदान सम्झौता रद्द गरी सम्पदा तथा पर्यटन विभागबाट योजना कार्यन्वयन गर्ने निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | काठमाडौं महानगरपालिका वडा नम्वर १७ इखापोखरी परिसर विकासको लागि अनुदान शीर्षक अन्तर्गत कन्या मन्दिर विद्यालय व्यवस्थापन समिति संगको संझौता रद्द गरी सम्पदा तथा पर्यटन विभाग मार्फत उक्त योजना कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०८१।६।२२ मा भएको प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने । |
| २१ | सम्पदा तथा पर्यटन विभाग | वडा नम्वर २२ स्थित वटु गुंगुचा मन्दिर पुनःनिर्माण कार्यको सम्झौता रद्द गर्ने सम्बन्धमा। | काठमाडौं महानगरपालिका वडा नम्वर २२ स्थित वटु गुंगुचा मन्दिर पुनःनिर्माण कार्यको लागि मिति २०७९/०३/२२ मा नाथेश्वर छुट गुठी वटु सहयोग समाजसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई उपलब्ध गराएको प्रथम किस्ता रकम फिर्ता लिने र जनसहभागिता वापतको रकम फिर्ता गर्ने साथै योजना कार्यान्वयन गर्न पुरातत्व विभागबाट तयार भएको ड्रइङ, डिजाइन तथा लागत अनुमान अनुसार बजेट व्यवस्थाको लागि आगामी नगर सभामा पेश गर्ने । |

| प्र.नं. | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| २२ | सम्पदा तथा पर्यटन विभाग | काठमाडौं महानगरपालिका वडा नम्वर २३ मा रहेको श्री नेवाः नुगः सामाजिक संस्थालाई इन्द्रजात्रा पर्व अभिलेखन कार्यक्रम सञ्चालनको लागि कार्यक्रम सहायता रकम उपलब्ध गराउने सम्बन्धमा। | काठमाडौं महानगरपालिका वडा नम्वर २३ को आर्थिक वर्ष २०८१।८२ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएको इन्द्रजात्रा पर्व अभिलेखिकरण कार्यक्रमको लागि विनियोजित रकम आठ लाख रूपैया विकास सहायता कार्यविधि, २०७९ दफा १० (ख) बमोजिम वडा नम्वर २३ मा रहेको श्री नेवाः नुगः नामक सामाजिक संस्थालाई कार्यक्रम सहायता उपलब्ध गराउने । |
| २३ | योजना, अनुगमन तथा मूल्याङ्कन एकाई | लहरेबत्ति व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धमा । | लहरेबत्ति व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने । |
| २४ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | थाइल्याण्डको बैककमा UN Women ले आयोजना गरेको "UN Women Asia Pacific Care Forum" कार्यक्रममा सहभागिताको लागि उपप्रमुख श्री सुनिता डंगोलज्यूलाई मनोनयन गर्ने निर्णय अनुमोदन सम्बन्धमा। | थाइल्याण्डको बैककमा UN Women ले आयोजना गरेको "UN Women Asia Pacific Care Forum" कार्यक्रममा सहभागिताको लागि उपप्रमुख श्री सुनिता डंगोलज्यूलाई मनोनयन गर्ने सम्बन्धी मिति २०८१।०६।३० को निर्णय (प्रमुखस्तर) अनुमोदन गर्ने। |
| २५ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | जापानको टोकियोमा Support for Development of Republic Target for Methane Emissions from Organic Waster in Nepal कार्यक्रममा सहभागिताको मनोनयन अनुमोदन सम्बन्धमा । | अगामी १०-१३ वा १७-२० डिसेम्बर २०२४ मा जापानको टोकियोमा हुने Support for Development of Republic Target for Methane Emissions from Organic Waster in Nepal कार्यक्रममा सहभागी हुनको लागि ५ नम्वर वडाका वडाध्यक्ष श्री विरेन्द्र प्रजापतिलाई मनोनयन गर्ने मिति २०८१।०७।२३ को निर्णय (प्रमुखस्तर) र वातावरण व्यवस्थापन विभागका इन्जिनियर श्री राम प्रसाद नेपाललाई मनोनयन गर्ने मिति २०८१।०७।२३ को निर्णय (प्रमुख प्रशासकीय अधिकृतस्तर) अनुमोदन गर्ने । |
| २६ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | स्पेनको टेरसामा UNESCO ले आयोजना गरेको TERRASSA UNESCO Film Subnetwork Cities Meeting कार्यक्रममा सहभागिताको मनोनयन अनुमोदन सम्बन्धमा । | नोभेम्बर ६-९, २०२४ मा स्पेनको टेरसामा UNESCO ले आयोजना गरेको TERRASSA UNESCO Film Subnetwork Cities Meeting कार्यक्रममा सहभागी हुनको लागि ८ नम्वर वडाका वडाध्यक्ष श्री आशामान संगत, २६ नम्वर वडाका वडाध्यक्ष श्री ख्यामराज तिवारी र ३१ नम्वर वडाका वडाध्यक्ष श्री सरोज ढकाललाई मनोनयन गर्ने मिति २०८१।०७।७ र २०८१।०७।१२ को निर्णय (प्रमुखस्तर) र अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालयमा कार्यरत सहायकस्तर पाँचौं श्री कोपिला खतिवडालाई मनोनयन गर्ने मिति २०८१।७।१२ को निर्णय (प्रमुख प्रशासकीय अधिकृतस्तर) अनुमोदन गर्ने । |